# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम एकल विन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. <u>एकल विन्दु सेवा केन्द्रले प्रवाह गर्ने सेवा</u> :

एकल विन्दु सेवा केन्द्रले औद्योगिक व्यवसाय ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम उद्योग वा लगानीकर्ताले पाउने सेवा, छुट, सुविधा, सहुलियत वा प्रोत्साहन सरल एवं सहज प्रकृयाद्वारा उपलब्ध गराउने र सरकारका विभिन्न निकायबाट सम्पादन गर्ने कार्यहरु समयभित्रै एकै स्थलबाट गर्ने तथा उद्योग स्थापनाको अनुमति, दर्ता, विस्तारदेखि निर्गमन (एक्जिट) सम्मका उद्योग प्रशासन सम्बन्धी सेवाहरु समेत प्रवाह गर्नेछ ।

२. <u>केन्द्र रहने स्थान</u> :

अर्को व्यवस्था नभएसम्म एकल विन्दु सेवा केन्द्र उद्योग विभागको परिसरमा रहनेछ । सो केन्द्रभित्र केन्द्र अन्तर्गत रहने सबै एकाइहरु रहनेछन् र यस्ता एकाइहरुले अनलाइन मार्फत् सेवा प्रवाह शुरु गरी क्रमश: पूर्ण रुपमा अटोमेशन गरी सेवा उपलब्ध गराउनेछन् ।

३. **एकल विन्दु सेवा केन्द्रमा रहने एकाइहरु** :

(१) एकल विन्दु सेवा केन्द्रमा देहायका एकाइहरु रहनेछन्:-

(क) उद्योग दर्ता एकाइ,
(ख) वातावरण एकाइ,
(ग) विदेशी विनिमय सहजीकरण एकाइ,
(घ) भिसा सहजीकरण एकाइ,
(ङ) पूर्वाधार एकाइ,
(च) जग्गा प्रशासन एकाइ,
(छ) भन्सार तथा राजश्व एकाइ,
(ज) प्रशासन तथा कानून एकाइ ।

(२) एकल विन्दु सेवा केन्द्रको सङ्गठन संरचना अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

४. **एकल विन्दु सेवा केन्द्रमा रहने कर्मचारी दरबन्दी** :

(१) एकल विन्दु सेवा केन्द्रमा रहने कर्मचारीको दरबन्दी देहाय बमोजिम हुनेछ । यसरी कायम हुने दरबन्दी स्वीकृत नभएसम्म अस्थायी दरबन्दी कायम गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।

| पद | सेवा, समूह, श्रेणी | सङ्ख्या |
|---|---|---|
| प्रमुख कार्यकारी | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.प्रथम श्रेणी | १ |
| निर्देशक | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.द्वितीय श्रेणी | ३ |

| पद | सेवा, समूह, श्रेणी | सङ्ख्या |
|---|---|---|
| निर्देशक | नेपाल प्रशासन सेवा, राजश्व समूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक(प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, रा.प.द्वितीय श्रेणी | १ |
| कानून अधिकृत | नेपाल न्याय सेवा, कानून समूह, रा.प.द्वितीय श्रेणी | १ |
| निर्देशक(प्राविधिक) | नेपाल विविध सेवा, रा.प.द्वितीय श्रेणी (कम्प्युटर) | १ |
| उपनिर्देशक | नेपाल राष्ट्र बैंक, रा.प.द्वितीय श्रेणी सरह | १ |
| शाखा अधिकृत | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.तृतीय श्रेणी | ५ |
| शाखा अधिकृत | नेपाल प्रशासन सेवा, राजश्व समूह, रा.प.तृतीय श्रेणी | २ |
| इञ्जिनियर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.तृतीय श्रेणी | १ |
| मेकानिकल इञ्जिनियर | नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, रा.प.तृतीय | १ |

| पद | सेवा, समूह, श्रेणी | सङ्ख्या |
|---|---|---|
| (प्राविधिक) | श्रेणी | |
| केमिकल इञ्जिनियर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, केमिकल समूह, रा.प.तृतीय श्रेणी | १ |
| कम्प्युटर ईन्जिनियर(प्राविधिक) | नेपाल विविध सेवा, रा.प.तृतीय श्रेणी | १ |
| इलेक्ट्रिकल इञ्जिनियर (प्राविधिक) | नेपाल विद्युत प्राधिकरण, सातौं तह | १ |
| इलेक्ट्रोनिक्स इञ्जिनियर | नेपाल दुरसञ्चार प्राधिकरण, सातौं तह | १ |
| वन अधिकृत (प्राविधिक) | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प.तृतीय श्रेणी | १ |
| वातावरण निरीक्षक (प्राविधिक) | नेपाल विविध सेवा, (वातावरण), रा.प.तृतीय श्रेणी | १ |
| नायब सुब्बा | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अन. प्रथम श्रेणी | ५ |
| सर्भेयर (प्राविधिक) | नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनं.प्र.श्रेणी | १ |
| कम्प्युटर अपरेटर | नेपाल विविध सेवा, रा.प.अन. प्रथम श्रेणी | ५ |
| कार्यालय सहयोगी | श्रेणीविहीन | ५ |
| जम्मा | | ४१ |



पालिका ख्यात

(२) उद्योग विभागको महानिर्देशकले एकल विन्दु सेवा केन्द्रको प्रमुख कार्यकारीको रुपमा काम गर्नेछ ।

(३) एकल विन्दु सेवा केन्द्रको दरबन्दीमा सम्बन्धित मन्त्रालय वा निकायले कर्मचारी खटाउनेछ ।

५. <u>निकायगत प्रतिनिधित्व</u> :

(१) एकल विन्दु सेवा केन्द्रमा देहायका निकायको निकायगत प्रतिनिधित्व हुनेछ र ती निकायहरुले सम्बन्धित सेवा, समूह वा उपसमूहका कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम आवश्यक अधिकार प्रत्यायोजन गर्नु पर्नेछ :-

(क) उद्योग विभाग,
(ख) कम्पनी रजिष्ट्रारको कार्यालय,
(ग) आन्तरिक राजश्व विभाग,
(घ) उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय,
(ङ) वन तथा वातावरण मन्त्रालय,
(च) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(छ) अध्यागमन विभाग,
(ज) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
(झ) भन्सार विभाग,
(ञ) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(ट) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग,
(ठ) नेपाल राष्ट्र बैङ्क,
(ड) नेपाल विद्युत प्राधिकरण,
(ढ) नेपाल दुरसञ्चार प्राधिकरण ।

(२) नेपाल सरकारले आवश्यकता अनुसार निकायगत प्रतिनिधित्वमा हेरफेर गर्न सक्नेछ ।

६. <u>एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार</u> :

(१) एकल विन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कम्पनी रजिष्टारको कार्यालय, उद्योग विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागबाट भईरहेको कम्पनी, फर्म, उद्योग दर्ता, अनुमति, ईजाजत, स्थापना, नवीकरण, कारोबार अनुमति, क्षमतावृद्धि र बहिर्गमन लगायतका कार्य गर्ने,

(ख) उद्योगलाई आवश्यक पर्ने खानी लगायतका निकायगत स्वीकृति आवश्यक पर्ने विषयमा निवेदन लिई निकायगत समन्वय गरी स्वीकृति पत्र उपलब्ध गराउने,

(ग) व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागजात पहिचान गरी विद्युतीय स्वरुपमा लिने र सबै निकायमा विद्युतीय प्रणालीबाट अन्तरनिकायले प्रयोग गर्ने गरी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(घ) निश्चित रकमसम्मको विदेशी लगानीको स्वीकृति र विदेश फिर्ता लैजाने (रिपार्टिसन) कार्यको लागि सहमति दिने र आफूलाई प्रत्यायोजित भएको अधिकारभन्दा बाहिरको निर्णय गर्नुपर्ने विषय भएमा आफैंले पहलकदमी लिई आवश्यक निर्णय गराउन सहजीकरण गर्ने,

(ङ) औद्योगिक व्यवसाय ऐन तथा प्रचलित कानून अनुसार उद्योगलाई प्रदान गरिएको कर तथा राजस्व छुट लगायत अन्य प्रोत्साहन, सुविधा र सहुलियत उपलब्ध गराउने,

(च) प्रचलित कानून बमोजिम उद्योगलाई आवश्यक पर्ने हदबन्दी भन्दा बढी जग्गा छुटको लागि सिफारिस गर्ने, उद्योगलाई जग्गा प्राप्ति र उद्योगलाई आवश्यक पर्ने वनक्षेत्रको जग्गा लगायत अन्य विषयमा तथा वातावरणीय अध्ययन सम्बन्धी कार्यको स्वीकृति दिने र सरकारी जग्गा लिजमा उपलब्ध गराउने समेतका विषयमा सहजीकरण गर्ने,

(छ) उद्योगलाई आवश्यक पर्ने विद्युत, अन्य उर्जा, सञ्चार, पानी तथा खानेपानी सुविधा तथा पहुँच सडक निर्माण लगायतका औद्योगिक पुर्वाधार निर्माणका लागि समन्वय र सहजीकरण गर्ने,

(ज) विदेशी लगानीकर्ता तथा कामदारलाई श्रम स्वीकृति तथा भिसा उपलब्ध गराउने,

(झ) उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ आयातमा सहजीकरण गर्ने तथा आयात अनुमति लिनु पर्ने मालवस्तु भएमा सबै प्रकारका अनुमति दिने एवं सोका लागि सिफारिस गर्ने,

(ञ) उद्योग स्थापना गर्न प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्ने र सम्बन्धित मन्त्रालयबाट अधिकार प्रत्यायोजन भए बमोजिम स्कोपिङ्ग डकुमेन्ट र कार्यक्षेत्रगत शर्त (टि.ओ.आर.) स्वीकृत गर्ने,

(ट) वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको लागि आवश्यक सहजीकरण गर्ने,

(ठ) एक पटकमा एक लाख अमेरिकी डलरसम्मको विदेशी विनिमय स्वीकृत गर्ने र सो भन्दा माथिको स्वीकृतिको लागि सहजीकरण गर्ने,

(ड) लगानी पोर्टलको स्थापना र सञ्चालन गरी लगानी सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने,

(ढ) उद्योगले प्राप्त गर्ने छुट, सुविधा, सहुलियतको सही ढङ्गले उपयोग भए, नभएको नियमित अनुगमन, मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने र गराउने,

(ण) उद्योगलाई प्राप्त भएका छुट, सुविधा तथा सहुलियत परिमार्जन गर्न तथा थप सेवा सुविधा उपलब्ध गराउनु पर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने,

(त) उद्योग सञ्चालनमा आईपर्ने बाधा ब्यवधान निराकरण गर्न सार्वजनिक निजी संवादको कार्य गर्ने,

(थ) केन्द्रको विस्तार तथा केन्द्रबाट प्रदान गरिने सेवा सुविधामा थपघट सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने,

(द) एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवा तथा सुविधा उपलब्ध गराउँदा आईपर्ने समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने,

(ध) स्थायी लेखा नम्बर प्रदान गर्ने,

(न) आयात निर्यात सङ्केत नम्बर (एक्जिम कोड) प्रदान गर्ने,

(प) निकासी अनुदान उपलब्ध गराउने,

(फ) पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, नामसारी, ठाउँसारी वा स्थानान्तरणको स्वीकृति दिने,

(ब) एकल विन्दु सेवा केन्द्रले सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा आफ्नो राय सहित त्यस्तो बाधा अड्काउ फुकाउन मन्त्रालयसमक्ष पेश गर्ने,

(भ) उद्योग व्यवसायलाई आवश्यक पर्ने सबै प्रकारका सिफारिस तथा सहजीकरणको कार्य गर्ने,


(म) मन्त्रालय, समिति र उद्योग तथा लगानी प्रवर्द्धन बोर्डको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) एकल विन्दु सेवा केन्द्रले आफूले सम्पादन गर्नु पर्ने काममा सहयोग पुऱ्याउन एकल विन्दु सेवा केन्द्रका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत संयोजक रहने गरी कार्यटोली वा उपसमिति बनाई कार्य गर्न गराउन सक्नेछ ।

(३) एकल विन्दु सेवा केन्द्रमा सम्बन्धित निकायबाट खटिई आएका कर्मचारीले उल्लेखित कार्य सम्पादन गर्नका लागि अधिकार प्रत्यायोजन भएकोमा प्रत्यायोजित अधिकार बमोजिमको कार्य आफैंले गर्नु पर्नेछ र अधिकार प्रत्यायोजन नभएको विषयमा त्यस्तो कर्मचारीले सम्बन्धित निकायसँग समन्वय गरी यथाशक्य छिटो कार्य सम्पन्न हुने व्यवस्था गर्नु पर्नेछ ।

अनुसूची

एकल विन्दु सेवा केन्द्रको सङ्गठन संरचनाको ढाँचा




आज्ञाले,  
यामकुमारी खतिवडा  
नेपाल सरकारको सचिव